## याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# स्थानीय वजार अनुगमन प्रतिवेदन २०७९

याङवरक गाउँपालिका

थर्पु पाँचथर

# स्थानीय वजार अनुगमन तथा निरीक्षण प्रतिवेदन २०७९

## १. संक्षिप्त विवरण

उपभोक्ता सँरक्षण ऐन २०७५ ले गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको सवैधानिक अधिकारको सँरक्षण तथा संवर्द्धन गर्ने र उपभोक्तालाइ प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार तथा असामान्य मुल्य वृद्धि र यसवाट हुने हानी नोक्सानी सम्वन्धि नियमनको व्यवस्था गरेको छ । सोही ऐनको परिच्छेद २ मा उपभोक्ता सँरक्षण सम्वन्धि व्यवस्था अन्तर्गत दफा ३ मा उपभोक्ताको अधिकार र दफा ४ मा वस्तु तथा सेवाको नियमनको व्यवस्था गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २८ (१) मा कार्यपालिकाले स्थानीय बजार अनुगमन समिति गठन गर्न सक्ने ब्यबस्था रहेको छ । सोही दफा बमोजिम याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको बैठक संख्या ७६-५ २०७९/०८० मिति २०७९/६/१० को निर्णयानुसार याङवरक गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित स्थानीय वजार अनुगमन समितिले मिति २०७९/०६/१४ गतेका दिन याङवरक गाउँपालिकाको केन्द्र रहेको वडा नं ४ को थर्पु वजारमा अवस्थित विभिन्न पसलहरुको स्थलगत अनुगमन कार्य सम्पन्न गरेको छ ।

## २. अनुगमन तथा निरीक्षणको उद्देश्यः-

क. स्थानीय वजार अनुगमन गरी उपभोक्ताको अधिकार सँरक्षण गर्ने ।

ख. गुणस्तरीय वस्तु तथा सेवाको नियमन गरी असामान्य मुल्य वृद्धि र यसवाट हुने हानी नोक्सानीको वारेमा सचेत गराउने ।

## ३. वजार अनुगमनका लागि अपनाइएका विधिहरु

क. प्रत्येक पसलमा भएका सामानहरुको स्थलगत रुपमा अनुगमन तथा निरीक्षण गरिएको ।

ख. सामानको गुणस्तर तथा उपभोग गर्न योग्य मिति र नापतौलको वारेमा यकिन गरिएको ।

ग. पसल तथा व्यवसायहरुको आधिकारिकताको लागि दर्ता कागजात तथा पान नं. र नवीकरणको वारेमा कागजात निरीक्षण गरीएको ।

घ. खाद्य तथा अखाद्य वस्तुको भण्डारीकरणको वारेमा जानकारी गराइ तत्काल छुट्याउन लगाइएको ।

ङ. म्याद समाप्त भएका सामान तथा वस्तुहरु छुट्याएर प्याकिङ गरिएको र तत्काल फिर्ता गराइएको ।

## ४. अनुगमनको क्रममा दिइएको सल्लाह सुझावः

थर्पु वजारमा भएका निम्न अनुसारको पसलहरुको अनुगमनका क्रममा पाइएका तथा दिइएका सल्लाह सुझावहरु देहाय वमोजिम रहेकोछ ।

| क्र स | पसल तथा सञ्चालकको नाम तथा ठेगाना | पसलको किसिम | दिइएको सल्लाह तथा सुझावहरु |
|---|---|---|---|
| १ | न्यौपाने किराना पसल<br>खेमनाथ न्यौपाने<br>याङवरक - ४, थर्पु पाँचथर | किराना पसल | १. मुल्यसुची विवरण राख्ने<br>२. पसलको वोर्ड राख्ने<br>३. खाद्य तथा अखाद्य वस्तु छट्याएर राख्न लगाइएको। |
| २ | जयनारायण न्यौपाने किराना पसल<br>जयनारायण न्यौपाने | किराना पसल | १. मुल्यसुची विवरण राख्ने<br>२. पसलको वोर्ड राख्ने<br>३. खाद्य तथा अखाद्य वस्तु छट्याएर राख्न लगाइएको। |

| क्र स | पसल तथा सञ्चालकको नाम तथा ठेगाना | पसलको किसिम | दिइएको सल्लाह तथा सुझावहरु |
|---|---|---|---|
| | याङवरक - ४, थर्पु पाँचथर | | ४. म्याद नाघेको सामाग्री विवरण कोकाकोला ३ काटुन स्प्राइट ३ काटुन रहेको उक्त सामान छुट्याएको र डिलरलाइ फिर्ता गराउनका लागि प्याकिङ गरिएको । |
| ३ | याङवरक फ्रेस हाउस हेम जवेगु याङवरक – ४, थर्पु पाँचथर | मासु पसल | १. मासु राख्ने वा झुण्ड्याउने हुकको व्यवस्था नभएकोले तुरुन्त ल्याउन जानकारी गराइएको ।<br>२. मासु पसलवाट निस्कने फोहोरमैला व्यवस्थापन गरी स्वच्छ तथा गुणस्तरीय मासु उत्पादन गरी विक्रिवितरणका लागि जानकारी गराइएको ।<br>३. भुइमा पोतिएको र सफा टायलको व्यवस्था गरेको नदेखिएकोले तत्काल गर्नका लागि जानकारी गराइएको ।<br>४. शरिर भित्रको मासु (भित्र्याङ्स) र वाहिरी मासु छुट्याएर राख्न लगाइएको । |
| ४ | दुर्गादेवी पोल्ट्री हाउस तथा होटल याङवरक – ४, थर्पु पाँचथर | मासु पसल किराना पसल<br>तथा होटल | १. मासु राख्ने वा झुण्ड्याउने हुकको व्यवस्था नभएकोले तुरुन्त ल्याउन जानकारी गराइएको ।<br>२. मासु पसलवाट निस्कने फोहोरमैला व्यवस्थापन गरी स्वच्छ तथा गुणस्तरीय मासु उत्पादन गरी विक्रिवितरणका लागि जानकारी गराइएको ।<br>३. भुइमा पोतिएको र सफा टायलको व्यवस्था गरेको नदेखिएकोले तत्काल गर्नका लागि जानकारी गराइएको ।<br>४. मासु राख्ने फ्रीज सफा नभएकोले तुरुन्त सरसफाइमा ध्यान दिन निर्देशन दिइएकोछ ।<br>५. वधशालावाट निस्कने फोहोरमैला तुरुन्त सफा गरी कार्य गर्न जानकारी गराइएको<br>६. होटलवाट निस्कने फोहोरमैला तथा विकार वस्तुहरुको उचित व्यवस्थापनका लागि जानकारी गराइएकोछ । |
| ५ | जय शम्भु भेराइटिज याङवरक – ४, थर्पु पाँचथर | किराना तथा सव्जी पसल | १. मुल्यसुची विवरण राख्ने<br>२. पसलको वोर्ड राख्ने<br>३. खाद्य तथा अखाद्य वस्तु छट्याएर राख्न लगाइएको । |

| क्र स | पसल तथा सञ्चालकको नाम तथा ठेगाना | पसलको किसिम | दिइएको सल्लाह तथा सुझावहरु |
|---|---|---|---|
| ६ | प्रमिशा स्टोर्स<br>याङवरक – ४, थर्पु<br>पाँचथर | किराना पसल | १. मुल्यसुची विवरण राख्ने |
| ७ | अनु सुनचादी पसल<br>याङवरक – ४, थर्पु<br>पाँचथर | सुनचादी पसल | १. मुल्य सुचीको अप्डेट राख्ने |
| ८ | आशिष एण्ड हेमन किराना पसल<br>याङवरक – ४, थर्पु<br>पाचथर | किराना पसल | १. मुल्यसुची विवरण राख्ने<br>२. खाद्य तथा अखाद्य वस्तु छट्याएर राख्न लगाइएको। |
| ९ | श्रेक्ष्ठ किराना पसल<br>याङवरक – ४, थर्पु<br>पाँचथर | किराना पसल | १. मुल्यसुची विवरण राख्ने<br>२. खाद्य तथा अखाद्य वस्तु छट्याएर राख्न लगाइएको। |

## ५. सुझाव तथा सिफारिसहरु

१. दुर्गादेवी पोल्ट्री हाउस, किराना पसल तथा होटल याङवरक गा पा ४ थर्पु पाँचथरवाट मासु अस्वस्थ तथा अस्वच्छ मासु उपभोक्तालाइ विक्रि वितरण गर्ने देखिएको साथै मासु वध गर्दा निस्कने फोहोरमैला तथा दुषित पानी समेत उचित व्यवस्थापन नगरी व्यवसाय सञ्चालन गरेको हुनाले निजलाइ कार्यालयमा वोलाइ वा आवश्यक व्यवस्थापन र गुणस्तर कायम गर्नका लागि पत्र मार्फत जानकारी गराउने।

२. उपभोक्ताको आधारभुत अधिकार प्राप्तिका लागि सवै वडामा भएका पसल तथा व्यवसायहरुको अनुगमन कार्यलाइ प्रभावकारी वनाउने।

३. प्रत्येक वडामा जिल्ला स्थित सरकारी निकाय र उद्योग वाणिज्य संघको समन्वयमा सवै व्यापारी तथा व्यवसायीलाइ आधारभुत व्यवसायको वारेमा जानकारीमुलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

## ६. अनुगमनमा सँलग्न पदाधिकारीहरु

| क्र स | पदाधिकारीको नाम थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | वावा मेन्याङवो (उपाध्यक्ष याङवरक गाउँपालिका) | संयोजक स्थानीय वजार अनुगमन समिति | |
| २ | सविन कुमार मावो (वडाध्यक्ष ४ नं. वडा कार्यालय) | सदस्य स्थानीय वजार अनुगमन समिति | |
| ३ | प्रेम लक्सम (अध्यक्ष उद्योग वाणिज्य सँघ थर्पु शाखा) | सदस्य स्थानीय वजार अनुगमन समिति | |

| क्र स | पदाधिकारीको नाम थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| ४ | लोक प्रसाद सुवेदी (अध्यक्ष थर्पु वजार व्यवस्थापन समिति) | सदस्य स्थानीय वजार अनुगमन समिति | |
| ५ | दल वहादुर देवकोटा (प्रमुख नाँगी थर्पु प्रहरी चौकी) | सदस्य स्थानीय वजार अनुगमन समिति | |
| ६ | सागर तावाहाङ (प्रतिनिधि स्वास्थ्य शाखा याङवरक गाउँपालिका) | सदस्य स्थानीय वजार अनुगमन समिति | |
| ७ | नेत्र कोइराला (स्थानीय पत्रकार याङवरक गाउँपालिका) | सदस्य स्थानीय वजार अनुगमन समिति | |
| ८ | सुवर्ण लिम्वु (शाखा प्रमुख पशुपंक्षी सेवा शाखा याङवरक गाउपालिका) | सदस्य सचिव स्थानीय वजार अनुगमन समिति | |
| ९ | दिलिप कुमार चौधरी प्रहरी जवान नागी थर्पु प्रहरी चौकी | | |